का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ असोज २०८०,
सोमबार
25 September 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न


वर्ष २१, अंक २४२ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com


**एमाले नीति**

# कांग्रेस रिझाउने, माओवादी चिढाउने

अध्यक्ष केपी शर्मा ओलीसहितका एमाले नेताहरुले सरकारको आलोचना गर्दा माओवादी केन्द्रको आलोचना गर्ने गरेका छन् । माओवादीसँगै मिलेर सरकार बनाएको भएता पनि उसलाई अप्ठ्यारो पारेर कांग्रेससँग नजिक हुने एमाले नीति छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ असोज ।





माओवादी केन्द्रका शीर्ष नेताहरु तान्ने गरी सुन तस्करी प्रकरणमा जाँचबुझ आयोग गठन गर्नुपर्ने एमालेको चाहना छ । यसका लागि निरन्तर प्रयास गरिरहेको एमालेले सुन तस्करीमा नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्युरो (सीआईबी)ले गरेको अनुसन्धानलाई शुन्य मानेर फेरि अनुसन्धान गर्नुपर्ने प्रस्ताव राखेको छ । यसबाट माओवादी नेताहरु समेत फस्किएका छन् ।

अध्यक्ष केपी शर्मा ओली सहितका एमाले नेताहरुले पनि सरकारको आलोचना गर्दा माओवादी केन्द्रको आलोचना गर्ने गरेका छन् । माओवादीसँगै मिलेर सरकार बनाएको भएतापनि उसलाई अप्ठ्यारो पारेर कांग्रेससँग नजिक हुने एमाले नीति छ ।

शुक्रबार, शनिवार र आइतबार राजनीतिक दलहरु निरन्तर संवादमा रहे । कारण - सुन तस्करीको उच्चस्तरीय जाँचबुझ आयोगको कार्यादेशमा विवाद । पटक-पटकको सामुहिक र एक्लाएक्लैको वार्ता र छलफल निष्कर्षमा पुग्न नसकेपछि नेताहरु प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेपाल फर्किएपछि मात्रै आयोग गठन हुने वातावरण बनेको बताउँछन् ।

नेताहरुका अनुसार भदौ ६ गते भएको सहमतिमा आधारित नभएर नयाँ सहमति आवश्यक भएको छ । नयाँ सहमतिको भाषामा पनि नेताहरु सहमत छैनन् । शीर्ष तहमा छलफल भएपछि मात्रै अगाडि बढ्न सकिने निष्कर्षमा नेताहरु पुगेका छन् ।

नेताहरुका अनुसार केन्द्रीय अनुसन्धान व्यूरो (सीआईबी)ले गरेको अनुसन्धानलाई मान्यता दिएर अध्ययन गर्ने कि सुन तस्करीको आफैं अनुसन्धान गर्ने भन्नेमा सत्तारुढ र विपक्षी दलहरुबीच विवाद छ ।

आइतबार गृह मन्त्रालयमा भएको छलफलमा सत्तारुढ दलका नेताहरुले आयोगलाई तीन वटा कार्यदेश दिने प्रस्ताव गरेको छ । नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकका अनुसार सुन तस्करी नियन्त्रण गर्न मौजुदा कानून र संरचनामा के-कस्तो परिर्माजन गर्नुपर्छ, त्यो सिफारिस गर्ने कार्यदेश प्रस्ताव गरिएको छ ।

भेप, ब्रेक शु लगायतमा लुकाएर तस्करी भएको सुनबारे सीआईबीले गरेको अनुसन्धानको अध्ययन गर्ने र त्यसमा थप अनुसन्धान गर्नुपर्ने भए सरकारलाई सिफाारिस गर्ने कार्यादेश दिने सत्तारुढ दलहरुको प्रस्ताव छ ।

‘भेपमा आएको सुन होला, ब्रेक सुमा आएको सुन होला, जुसको केन्द्रीय अनुसन्धान व्यूरोले अनुन्धान गर्यो, त्यो अनुसन्धान पनि हेरोस्’ लेखकले भने, ‘त्यसमा जे ठीक गरेको छ, ठीक छ, कमी ट भने यो हेर्नुपर्यो भने त्यो सिफारिस गर्छ ।’

एमालेले सीआईबीले गरेको अनुस्न्धानलाई शुन्य मानेर फेरि अनुसन्धान गर्नुपर्ने प्रस्ताव राखेको छ । यसले राज्यको स्थायी संयन्त्र कमजोर हुने सत्तारुढ दलहरुको तर्क छ ।

एमाले सचेतक महेश बर्तौला आयोगलाई सबै अनुसन्धान गर्ने गरी अधिकार दिनुपर्ने आफूहरुको बटमलाइन भएको बताउँछन् ।

उनी भन्छन्, ‘जुन लभेलमा सीआईबीले काम गरेको छ, उसले राम्रै गरेको होला । तथापि प्रश्न सिर्जना भएको छ । अभियोजनमामा खोजविन गर्नुपर्ने मान्छे पनि छुट्यो भन्ने आशंका सिर्जना भएका छन् ।’

परिमाणबारे समेत प्रश्न उठेको भन्दै उनले सबै अनुसन्धान गर्ने अधिकार दिएर आयोग बनाउनुर्ने बताए । उनी प्रश्न गर्छन, ‘भरिया र रिसिभर मात्र होइन, पर्दा पछाडिको पात्र को को हुन् ? वित्तीय स्रोत व्यवस्थापनकर्ताहरु कोको हुन् ? समग्र पक्षको अध्ययन गर्न भनेर हामीले छानबिन माग गरेका होइनौं ? त्यसै बमोजिम आयोग बनेको होइन ?’

शुक्रबार, शनिवार र आइतबारको छलफलमा कांग्रेसबाट प्रमुख सचेतक रमेश लेखक, माओवादी केन्द्रबाट प्रमुख सचेतक हितराज पाण्डे सहभागी

पृष्ठ २ मा

**बालअधिकारप्रति संवेदनशील बनौं ।**

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।

*बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## गाडी भाडा बढाउने प्रयास



**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असोज ।

दशैंको मुखमा गाडी भाडा बढाउन खोजिएको छ । दशैं र तिहार, छठ र नेपाल संवत नजिकिएसँगै सार्वजनिक यातायातको चहलपहल सुरु भएको छ । दसैंमा उपत्यकाबाट बाहिर जाने यात्रुलाई लक्षित गरेर अग्रिम टिकट बुकिङ खुलाउने योजनासहित यातायात क्षेत्रमा चहलपहल शुरु भएको हो ।

यही बेला भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग भएको छलफलमा यातायात व्यवसायीहरुले गाडी भाडा बढाउने माग गरेका छन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सार्वजनिक यातायातको भाडा सरकार नबढाए आफैंले बढाउने चेतावनी समेत दिएको बताइन्छ । महासंघका अधिकारीहरु पेट्रोलियम पदार्थको मूल्य वृद्धि पटक पटक हुँदा पनि सरकारले सार्वजनिक यातायातको भाडा नबढाएको बताउँछन् । सरकारले पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएअनुसार सार्वजनिक यातायातको भाडा समायोजन गर्नुपर्ने उनीहरुको माग छ ।

# सरकारी विधेयकमा मन्त्रीकै असहमति

विधेयकमा भ्रष्टाचार कसुरमा मुद्दा चलाउने ५ वर्षे हदम्यादको अवधि रहेको छ । मूल ऐनको दफा २९ मा संशोधन गर्दै भ्रष्ट्राचारजन्य कसुरमा त्यस्तो कार्य भएको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउनुपर्ने व्यवस्था गरिएको छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ असोज ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफल सुरु भएको छ । प्रतिनिधिसभा विचाराधीन विधेयकमाथि राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा छलफल सुरु भएको हो ।

भ्रष्टाचारसम्बन्धी ऐन संशोधन विधेयक तत्कालीन प्रधानमन्त्री केपी ओलीले १० असोज २०७६ मा राष्ट्रिय सभामा दर्ता गरेका थिए । ८ असार २०७८ मा राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले पारित गरेको यो विधेयक २७ चैत २०७९ मा राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधि सभामा आएको थियो ।

आइतबार बसेको समितिको बैठकमा भ्रष्टाचारमा पाँच वर्षे हदम्याद लाग्ने कि नलाग्ने भनी सुरुवातमै बहस

पृष्ठ २ मा



भ्रष्टाचारको कसुरमा पाँच वर्षपछि मुद्दा नचलाए पनि हुन्छ भन्ने ढंगाको कुरा आएको छ । यसमा माननीय सदस्यहरुको पक्कै ध्यानाकर्षण हुनेछ । यसमा संशोधन परेको छ र संशोधन परेकाले हामीलाई सजिलो भएको छ ।

**धनराज गुरुङ**
कानून न्याय तथा संसदीय मामिलामन्त्री

## वैदेशिक रोजगार विशेष

### वैदेशिक रोजगारीमा जाने क्रम घट्दो दरमा

# भदौमा ३५ हजारले लिए श्रम स्वीकृति

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असोज

नेपालीहरुको महान पर्व बडा दशैं नजिकिएसँगै वैदेशिक रोजगारमा जाने क्रममा सुस्तता देखिन थालेको छ । साउन महिनाको तुलनामा भदौमा वैदेशिक रोजगारीमा गएको संख्याले वैदेशिक रोजगारीमा जाने क्रम घट्दो दरमा देखिएको हो ।

साउनमा संस्थागत अर्थात म्यानपावर कम्पनीमार्फत २८ हजार २ सय ३४ जना युवायुवतीले वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिएकोमा भदौमा महिनामा उक्त संख्यामा करिब २ हजारले कमी आएको छ । भदौमा समग्रमा ३५ हजार ३ सय ३ जना वैदेशिक रोजगारीमा गएकोमा म्यानपावर कम्पनीमार्फत २७ हजार १ सय ७१ जनाको श्रम स्वीकृति भएको छ । भदौमा व्यक्तिगत नयाँ ७ हजार ३ सय ५ जनाले श्रम स्वीकृति लिएका छन् ।

वैदेशिक रोजगार विभागको भदौ महिनाको प्रगति प्रतिवेदनअनुसार भदौमा सबैभन्दा धेरै नेपाली यूएई गएका छन् । उक्त महिनामा यूएई जान ६ हजार ९ सय ६८ जनाले म्यानपावर कम्पनीमार्फत श्रम स्वीकृति लिएका थिए । दोस्रो स्थानमा रहेको मलेसिया जान ६ हजार ८ सय ४० जना, तेस्रोमा रहेको लय लय, लय जब जब, लय ६ नयत लय साउदी अरेबिया जान ५ हजार ९ सय ६ जना र सूचीको चौथो नम्बरमा धकेलिएको कतारमा २ हजार ६ सय ९४ जनाको श्रम स्वीकृति भएको छ । मलेसियामा नयाँ एप्रुभल नखुल्दा नेपाली जाने क्रम घटेको हो । कतारमा होटल क्षेत्रको अकुपेन्सी बढे पनि विश्वकप फुटबलपछि नयाँ रोजगारी सिर्जना हुन नसकेको बताइएको छ ।

यस्तै कुवेत पाँचौं स्थानमा रहेको छ । साउनमा उक्त मुलुकका लागि म्यानपावर कम्पनीमार्फत १ हजार १ सय ५७ महिलासहित २ हजार ७ सय १ जनाको श्रम

पृष्ठ २ मा

### निल कमल भदौमा पनि पहिलो

#### भदौमा सय बढी पठाउने म्यानपावर कुन-कुन ?

**काठमाडौं/मस-** भदौ महिनामा धेरै कामदार पठाउने कम्पनीको शीर्ष स्थानमा निल कमल ह्युमन रिसोर्स प्रा.लि. रहेको छ । निल कमलले ३ सय ७७ महिलासहित ६ सय १० जनालाई वैदेशिक रोजगारमा पठाएको छ । साउनमा उक्त कम्पनीले ६ सय १६ महिलासहित ७ सय ६२ जना वैदेशिक रोजगारमा पठाएको थियो ।

**भदौमामा सय कामदार पठाउने म्यानपावर**
निल कमल ह्युमन रिसोर्स प्रा.लि.- ६१०
एसपीएम ओभरसिज प्रा.लि.- ४१३
एयर किंग्स प्लेसमेन्ट प्रा.लि.- ३९१

पृष्ठ २ मा

# अविश्राम उभिइरहेका ईः




समर्थकहरुसँग ईः (बीचमा) ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ७ असोज ।

अभियन्ता ईः को एक सातादेखि आन्दोलनमा छन् । प्रदर्शनीमार्ग स्थित राष्ट्रिय सभा गृह परिसरमा अविश्राम उभिरहेका ईः को आन्दोलनमा समर्थन गर्नेहरु पनि बढिरहेका छन् । ईः को शान्तिपूर्ण आन्दोलनमा आइतबार फुटपाथ व्यवसायी पनि सहभागी भएका छन् ।

काठमाडौं महानगरपालिका मेयर बालेन शाह र उपमेयर सुनिता डंगोलले विगतमा गरेको बाचा सम्झाउन आन्दोलनमा सहभागीहरु प्लाकार्डसहित प्रदर्शनमा छन् । ईः अविश्राम उभिइरहेका छन् ।

‘हिजो गरीबको गीत गाउने मान्छे, आज किन बन्ठे भयौ’, ‘गरी खान देऊ’, ‘शहर सबैका लागि कि धनीका लागि मात्रै’ लगायतका नारा उल्लिखित प्लाकार्ड प्रदर्शन भइरहँदा ईः भने निरन्तर उभिइरहेका हुन् । उनीहरूले फुटपाथ

पृष्ठ २ मा

**म्यानपावर अफिसको लागि सम्पूर्ण सामान सहित घर भाडामा**

हामी आफ्नै भवनमा सर्नुपर्ने भएकोले सामानसहित गौशाला पशुपतिभिजन नजिकै म्यानपावर अफिसको लागि उपयुक्त अढाइ तले घर भाडामा भएकोले इच्छुक व्यक्तिले तल दिईएको नम्बरमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क: ९८५१०१९४२७**

मध्यान्ह
www.madhyanhadaily.com
८ असोज २०८०, सोमबार
25 September 2023, Monday

# बीमा बोर्डका कार्यकारी निर्देशकलाई स्वास्थ्य मन्त्रालयको ११ बुँदे स्पष्टीकरण

काठमाडौं/मस- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा.दामोदर बसौलालाई ११ बुँदे स्पष्टीकरण सोधेको छ ।

मन्त्रालयले तीन दिन भित्र स्पष्टीकरण पेस गर्ने गरी मन्त्रीस्तरीय निर्णयबाट असोज ४ गते बसौलालाई स्पष्टीकरण सोधेको हो ।

कार्यकारी निर्देशकको जिम्मेवारीमा रहेर बसौलाले स्वास्थ्य बीमा ऐन २०७४ को दफा २४ ले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकारहरु जिम्मेवारीका साथ सम्पादन नगरेको आरोप मन्त्रालयको छ । नेपाली नागरिकको गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार संरक्षण गर्न स्वास्थ्य बीमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बिमितको आर्थिक जोखिम न्यूनीकरण गरी जीवन रक्षा गर्नुपर्ने जस्तो अतिसंवेदनशील विषयमा गैरजिम्मेवारीपूर्वक प्रत्यक्ष रुपमा संलग्न भएको पाइएकोले तपाईंलाई स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २५ को उपदफा (२) बमोजिम पदबाट किन नहटाउने? भन्दै मन्त्रालयले नहटाउनु पर्ने कुनै



कारण भए सोही ऐनको दफा २५ को उपदफा (३) बमोजिम तीन दिन भित्र सफाइ पेस गर्न डा.बसौलालाई निर्देशन दिएको छ ।

स्वास्थ्य बीमामा आवद्ध हुने बिमितको उपचार वापतको रकम समयमै समानुपातिक रुपमा ७७ जिल्लामा सोधभर्ना भुक्तानी गराउनु पर्नेमा बसौला स्वयंको मिलेमतोमा सीमित अस्पताल र कलेजहरुलाई मात्र दोहोर्‍याएर दिने तर केही अस्पतालहरुको वर्षौंदेखिको सोधभर्ना भुक्तानी नगरेको भनी सञ्चार माध्यम तथा अस्पतालहरुबाट बारम्बार गुनासो आए पनि सम्बोधन नगरेको, देशभरि नै स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा ११ वटा जिल्लामा अझै सञ्चालन नगरेको, बोर्डका नायव सुब्बा प्रकाशमान केसीले बरबुझारथ नगरेको, बिमितको रकम हिनामिना गरेको र समयमै लेखा परीक्षण गराई श्रेस्ता ठिक दुरुस्त राख्नुपर्नेमा पदीय जिम्मेवारी बहन नगर्दा समेत कार्यकारी निर्देशक गैरजिम्मेवार भएको मन्त्रालयको आरोप छ ।

बोर्ड तथा मातहतका कार्यालयको लेखापरीक्षण समयमै नगराएर बिमितको रकम यकिन नभएको, बोर्डको स्वीकृत दरबन्दी भित्रका पूर्ति, रिक्त तथा अन्य अवस्थाको विवरण मन्त्रालयमा उपलब्ध गराउनु पर्नेमा त्यो नगरेको, बोर्डको अनुरोधमा मन्त्रालयबाट कामकाजमा गएका कर्मचारीलाई कानुन बमोजिम बरबुझारथको समय समेत नदिई रमाना दिएको तथा मन्त्रालयका जिम्मेवार अधिकारीको निर्णयको अवज्ञा गरेको आरोप बसौलालाई लगाइएको छ । सन् २०२३ को जुन १३ देखि १५ सम्म जर्मनीको बर्लिनमा भएको ग्लोबल फोरम अन अडप्सन सोसियल प्रोटेक्सन इन बर्लिन कार्यक्रममा मन्त्रालयको स्वीकृति बेगर भाग लिएको आरोप बसौलालाई लगाइएको छ । महालेखा परीक्षकको प्रत्येक वर्षको प्रतिवेदनमा बेरुजु बढ्दो क्रममा रहेको, बेरुजु फर्स्योट स्थिति सन्तोषजनक नभएको र प्रतिवेदनमा दिइएका सुधारका प्रयास नगरेको आरोप पनि बसौलामाथि लगाइएको छ। यसका साथै बसौलाले आफू मातहतका कर्मचारीलाई विभेदपूर्ण व्यवहार गर्ने गरेको र बीमा बोर्डको आन्तरिक सुशासन कमजोर बनाई प्रशासनिक र आर्थिक व्यवस्थापन पक्ष चुस्तदुरुस्त नराखेको आरोप लगाइएको छ ।

# एनआरएनए आइसीसी खुला उपाध्यक्षमा राजु रेग्मीद्वारा उम्मेदवारी घोषणा

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, ७ असोज



गैर आवासीय नेपाली संघ (एनआरएनए)को आगामी कार्यकालका लागी खुला उपाध्यक्ष पदका आकांक्षी राजु रेग्मी 'राज'ले 'मिट ग्रिट र इनट्रयाक्ट' कार्यक्रम सम्पन्न गरेका छन् । वर्तमान एनआरएनए आइसीसीका युवा उपाध्यक्ष तथा कतारका सफल व्यवसायी रेग्मीले एनसीसी कतारका नवनिर्वाचित पदाधिकारी तथा महाधिवेशन प्रतिनिधीहरुसँग स्नेह मिलन तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्दै औपचारिकरूपमा केन्द्रीय खुला उपाध्यक्ष पदका लागि उम्मेदवारी घोषणा गरेका हुन् ।

बागलुङ जिल्लाको दक्षिण भेग कुश्मीसेरा हालको जैमिनी नगरपालिका ५ मा जन्मिएका रेग्मी सन् २००३ मा श्रमिकका रूपमा कतार आएका हुन् । सन् २००९ बाट आफ्नो व्यवसाय शुरु गरेका उनी कतारका टप नेपाली व्यवकसायीमध्येका एक हुन् । शालीन र सभ्य व्यक्तिका रूपमा परिचित उनी श्रमिकका समस्या समाधानमा अग्रपङ्क्तिमा देखिने गर्छन् । धेरथोरै नेपालीहरूलाई रोजगारी दिन पाउनु नै आफ्नो ठूलो सफलता र आत्मसन्तुष्टि रहेको उनी बताउँछन् । एनआरएनएको अभियानमा निरन्तर सक्रिय रहँदै आएका रेग्मीले आइसीसी मध्यपूर्व युवा संयोजक, विभिन्न टास्कफोर्सको संयोजक र एनआरएनए युवा उपाध्यक्षमा रहेर काम गरेको अनुभवसहित केन्द्रीय उपाध्यक्ष पदमा उम्मेदवारी दिन लागेको बताउँदै महाधिवेशन प्रतिनिधिहरूसमक्ष आफूलाई विजयी गराउन अपिल गरेका थिए ।

कतारको एसियाना रेस्टुरेन्टमा शुक्रबार साँझ आयोजित कार्यक्रममा रेग्मीले आफ्नो प्रतिबद्धता पत्र पढेर सुनाएका थिए। त्यस्तै अध्यक्ष पदका आकांक्षी आरके शर्मा र उपमहासचिव पदका आकांक्षी प्रवीण गुरुङले पनि सोही स्टेजबाट रेग्मीलाई शुभकामना दिँदै आफ्नो उम्मेदवारी घोषणा गरेका थिए । कार्यक्रममा विभिन्न वक्ताहरूले रेग्मीसहित सबैलाई जितको शुभकामना तथा आफ्नो कतारमा रहेको घरको जग बलियो बनाउन सुझाव दिँदै कतारबाट डेलीगेटस रहेका प्रतिनिधिबीच एकताको आवश्यकता औंल्याएका थिए ।

रेग्मीले समृद्ध नेपालका लागी लगानी र पर्यटन प्रवर्द्धन, व्यवस्थित, मर्यादित र सुरक्षित वैदेशिक रोजगार, हाम्रो, राम्रो र प्रविधिमैत्री एनआरएनए, महिला र नयाँ पुस्ताको सशक्तीकरण- एनआरएनएमा रूपान्तरण, समृद्ध नेपालका आधार, नागरिकता र मताधिकार, प्राविधिक शिक्षा तथा युवा स्वरोजगार, गैरआवसीय नेपाली संघको वैज्ञानिक परिभाषा एवम् पारदर्शिता, नेपाली कला संस्कृतिको प्रवर्द्धन तथा जगेर्नालगायतका कार्यमा आफू लागिपर्ने प्रतिबद्धता जनाएका छन् ।

# घुन्सा हेलिकप्टर दुर्घटनाको सम्झना

**काठमाडौं/मस**-विगतका वर्षहरुमा झैं यस वर्ष पनि घुन्सा हेलिकप्टर दुर्घटनाको सम्झना गरिएको छ ।



काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी जलसम्पदा तथा वातावरण संरक्षण कोष नेपालले दुर्घटनामा परी ज्यान गुमाएकाहरुको फोटोमा माल्यार्पण, दीप प्रज्वलित, एक मिनेट मौनधारण गरी दुर्घटनाको सम्झना गरेको हो। ताप्लेजुङको घुन्सास्थित हेलिकप्टर दुर्घटना भएको १७ वर्ष पूरा भएको छ ।

उक्त दुर्घटनामा परी ज्यान गुमाएकाहरुको योगदानको स्मरण गर्दै असोज ७ गतेलाई राष्ट्रिय संरक्षण दिवसको रूपमा मनाउने गरिन्छ । समाजसेवी दिपेन्द्र बिष्टको प्रमुख आतिथ्यता र जलसम्पदा तथा वातावरण संरक्षण कोष नेपालका अध्यक्ष पुष्पराज पाण्डेको सभापतित्वमा सम्पन्न कार्यक्रममा आ-आफ्नो क्षेत्रमा परिचित व्यक्तित्वहरु विज्ञान अर्याल, सनत गिरी, शिव खत्री, ज्योति गिरी लगायतको उपस्थिति रहेको थियो ।

जलसम्पदा तथा वातावरण संरक्षण कोष नेपालले काठमाडौंको रामकोटस्थित दुर्घटनामा मृत्यु भएका स्वदेशी तथा विदेशी गरी २४ जनाको अर्धकदको शालिक स्थापना गरेको छ। शहरी विकास तथा भवन निर्माण विभागले प्रयाप्त रकम विनियोजन नगरेका कारण तीन वर्षदेखि 'संरक्षण स्मृति पार्क'को निर्माण कार्यले गति लिन नसकेकोमा कोषका अध्यक्ष पाण्डेले कार्यक्रममा भावुक हुँदै दुःख व्यक्त गरे ।

उनका अनुसार 'संरक्षण स्मृति पार्क'को निर्माण कार्यलाई अगाडि बढाउनको लागि अमेरिका, बेलायत, रसिया, कोरिया, फिनल्याण्डको दूतावासमा समेत सहयोगका लागि अपिल गरिने छ ।

वि.सं २०६३ असोज ७ गते भएको हेलिकोप्टर दुर्घटनामा तत्कालीन वन राज्यमन्त्री गोपाल राई, भूगोल तथा योजनाविद् डा. हर्क गुरुङ, संरक्षणविद् डा. तीर्थमान मास्केसहित २४ जना संरक्षणविद्ले ज्यान गुमाएका थिए । विश्व वन्यजन्तु कोष नेपालद्वारा आयोजना भएको कञ्चजङ्गा संरक्षण क्षेत्र आयोजना स्थानीय समुदायलाई हस्तान्तरण कार्यक्रममा भाग लिएर फर्कने क्रममा घुन्सास्थित फले पहाडमा हेलिकप्टर दुर्घटनामा परेको थियो ।

## डा. गुरुङको समाधिस्थलमा श्रद्धाञ्जली सभा




स्व.डा.हर्क गुरुङको समाधिस्थल लमजुङको मर्स्याङ्दी-७ ताङ्लिचोकमा स्मृति दिवस तथा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ। घुन्सा हेलिकप्टर दुर्घटना निधन भएका भूगोल तथा योजनाविद् डा.गुरुङको सम्झनामा डा.हर्क गुरुङ प्रतिष्ठानले श्रद्धाञ्जली सभा आयोजना गरेको हो ।

सो अवसरमा सविंधान सभा सदस्य जमिन्द्रमान घले, गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ लगायत स्थानीयले डा. गुरुङको समाधिस्थलमा माल्यार्पण गरेर सम्झिएका थिए ।

संविधान सभा सदस्य घलेले डा. हर्क गुरुङलाई राज्यले उचित सम्मान दिन नसकेको बताए ।

मर्स्याङ्दी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले डा. हर्क गुरुङ मर्स्याङ्दीको मात्रै नभएर, लमजुङको मात्रै नभएर देशकै नामलाई संसारमा चिनाउने व्यक्ति भएको बताए । मनास्लु तमू आमा समूह ताङ्लीचोकका अध्यक्ष बालमाया गुरुङले डा.गुरुङलाई श्रद्धाञ्जली अर्पण गर्दै गाउँसमाजको नाम राख्ने गुरुङलाई अझै पनि सम्मानको खाँचो रहेको बताइन्। डा. हर्क गुरुङ स्मृति प्रतिष्ठानका अनुसार डा. हर्क गुरुङको समाधिस्थल वरपर ३० रोपनी जग्गाको व्यवस्थापन गरेर आवश्यक भौतिक संरचना निर्माण थालिएको छ।

यसैबीच स्व.डा. गुरूङको १७ औं पूण्य तिथिको अवसरमा तमु धीँ युकेले 'डा. हर्क गुरूङ प्रतिष्ठान'लाई सहयोगार्थ चार लाख रुपैया सहयोग गरेको छ। युकेले स्व.गुरूङको भतिज लोक गुरूङ र ज्वाइँ जीत गुरूङलाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरेको हो । सहयोगको लागि तमु धीँ युकेका अध्यक्ष लगायत सम्पूर्ण तमु धीँ परिवारलाई प्रतिष्ठानले धन्यवाद व्यक्त गरेको छ।

# 'एमबिबिएस अध्ययनरत एवम् अनशनरत विद्यार्थीको समस्यालाई चाँडो निकास दिनुपर्छ'

**काठमाडौं/मस**- प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले एमबिबिएस अध्ययनरत एवं अनशनरत विद्यार्थीहरूको गुनासो सम्बन्धमा निर्देशन दिनुअघि विद्यार्थीको सम्पूर्ण विवरण र जानकारी संकलन गर्दै पुनः छलफलमा बस्ने निर्णय गरेको छ ।

समितिको आइतबार बसेको बैठकले विद्यार्थीहरूको गुनासो सम्बन्धमा विद्यमान कानूनी प्रावधान, उनीहरूको माग र परिवेश एवं सम्भाव्यताको आधारमा उनीहरूको भर्ना वर्ष, शैक्षिक संस्था, उत्तीर्ण दर, औसत अनुत्तीर्ण दर र शुल्क तिरेको विवरणलगायतका विषयमा तथ्यांक संकलन गर्ने निर्णय गरेको छ ।

सभापति भानुभक्त जोशीले समिति सचिवालयलाई उक्त जिम्मेवारी दिए । छलफलमा उजुरीकर्ता विद्यार्थीहरू, मेडिकल काउन्सिलका अध्यक्ष प्रा.डा.भगवान् कोइराला, चिकित्सा शास्त्र अध्ययन संस्थानका सहायक डीन प्रा.डा.प्रेम ज्ञवाली र त्रिवि शिक्षाध्यक्ष प्रा डा. शिवलाल भुसाल सहभागी थिए ।

बैठकमा सहायक डीन प्रा.डा.ज्ञवालीले चार पटकसम्म अनुत्तीर्ण विद्यार्थीलाई मौका परीक्षाको व्यवस्था गर्न नसकिने बताए । चिकित्सा जस्तो संवेदनशील विषयमा गुणस्तर कायम राख्न उक्त 'ब्यारियर सिस्टम' लाई हटाउन नसकिने उनको भनाइ थियो ।

नेपाल मेडिकल काउन्सिलका अध्यक्ष प्रा.डा.कोइरालाले भावनाका आधारमा समस्या समाधान नहुने भन्दै अनुत्तीर्ण विद्यार्थीलाई अन्य वैकल्पिक विषयमा अध्ययन गर्ने व्यवस्था मिलाउन सकिने सुझाव दिए ।

त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा.भुसालले एमबिबिएस नितान्त प्राविधिक र मानविय संवेदनशील विषय भएकाले ब्यारियर हटाउन नसकिने बताए । उनले मौका परीक्षाको नभएर भर्ना रकम फिर्ताको मागलाई सम्बोधन गर्न राय प्रस्तुत गरे ।

बैठकमा गण्डकी मेडिकल कलेजका विद्यार्थी राजीव दासले मौका परीक्षाको माग गरेको भन्दै सदस्यको ध्यानाकर्षण गराए ।

किस्ट कलेजका विद्यार्थी निर्जल ढुंगानाले भर्ना गर्दा कलेजबाट भौचरसमेत प्राप्त नभएको बताए ।

चिकित्साशास्त्र अध्ययन अध्यापन गराउने कलेज तथा विश्वविद्यालयमा मौका परीक्षाको व्यवस्थामा एकरूपता नभएकोप्रति सदस्यले चासो व्यक्त गरे । समितिका सदस्य डा.कालुराम राई र छविलाल विश्वकर्माले उक्त समस्याको समयमै सम्बोधन हुनुपर्नेमा जोड दिए ।

समितिका सदस्य सुमना श्रेष्ठले विद्यार्थीको वास्तविक विवरण र उनीहरूको मागमा स्पष्ट हुनुपर्ने बताइन् ।

## एमाले...

थिए । एमालेबाट महेश बर्तौला, विष्णु पौडेल निरन्तर सहभागी छन् ।

एमालेले संसद निरन्तर अवरोध गरेपछि सत्तापक्ष र प्रतिपक्षबीच सुन तस्करीका विषयमा छानबिन गर्नका लागि न्यायिक आयोग गठन गर्ने सहमति भएको थियो । समिति असोज ५ मा गठन गरिसक्ने भनिए पनि अझैसम्म कार्यादेशमा पनि सहमति भइसकेको छैन ।

नेताहरुका अनुसार यो वा त्यो बाहनामा एमालेले कांग्रेससँग नजिकिनका लागि माओवादी केन्द्रको नेतृत्वमाथि प्रश्न गर्न चाहन्छ। त्यसका लागि सुन तस्करी प्रकरणलाई नै मुख्य विषय बनाउने उनीहरुको चाहना छ ।

## सरकारी...

भएको छ । ५ वर्ष भित्र कारबाही नचलाएको मुद्दा अघि नबढाउने भनि उल्लेख गरिएको विधेयकका प्रावधानप्रति कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ आफैंले असहमति जनाए ।

अख्तियारसम्बन्धी विधेयकको उक्त बुँदामा आफ्नो सुरुदेखि नै ध्यानाकर्षण भएको उल्लेख गर्दै त्यसलाई समृद्ध बनाउन पनि सांसदहरुलाई आग्रह गरे ।

'दफा २९ मा भ्रष्टाचारको सन्दर्भमा सो कार्य भएको ५ वर्ष भित्र आयोगले कारबाही नचलाएमा सो अवधिपछि त्यस सम्बन्धमा यस ऐन अन्तरगत कुनै कारबाही चलाइने छैन भनेर परेको थियो । यसको सैद्धान्तिक छलफल हुँदा पनि संसद्मा यसबारे निकै राम्रो ढंगबाट कुरा उठान भएको छु' मन्त्री गुरुङले भनेका छन्, 'पाँच वर्ष पछि नचलाए पनि हुन्छ भन्ने ढंगको कुरा आएको छ । यसमा माननीय सदस्यहरुको पक्कै पनि ध्यानाकर्षण हुनेछ नै । यो संशोधन परेको छ कि छैन भनेर मैले गम्भिर रुपमा हेरें । संशोधन पनि परेको रहेछ ।'

मन्त्री गुरुङले सरकार र सांसदहरु सबै एकाकार भएर मुलुकमा भ्रष्टाचारको अन्त्य गरी सुशासनमा लैजाने काममा प्रतिवद्ध भएर लागि परेको दाबी समेत गरे । उनले विधेयकलाई समृद्ध बनाएर लैजाने काममा संसदीय समितिहरुले महत्वपूर्ण भुमिका निर्वाह गर्ने विश्वास समेत व्यक्त गरे ।

विधेयकमा भ्रष्टाचार कसूरमा मुद्दा चलाउने ५ वर्षे हदम्यादको अवधि रहेको छ। मूल ऐनको दफा २९ मा संशोधन गर्दै भ्रष्ट्राचारजन्य कसूरमा त्यस्तो कार्य भएको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउनुपर्ने व्यवस्था गरिएको छ।

सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले निज त्यस्तो पदमा बहाल रहँदाको बखत भ्रष्टाचार गरेको रहेछ र त्यस्तो विषयमा यस ऐन बमोजिम तत्काल कारबाही हुनसक्ने रहेनछ भने निज जुनसुकै ब्यहोराबाट अवकाश प्राप्त गरेको भए पनि अवकाश भएको मितिले ५ वर्षभित्र निज उपर यस ऐन बमोजिम कारबाही गर्न वा मुद्दा चलाउन बाधा पर्ने छैन भन्ने व्यवस्था राखिएको छ ।

आयोगले कारबाही गर्ने क्षेत्रमा कुनै राष्ट्रसेवकले अख्तियारको दुरुपयोग हुने देहायको कुनै कार्य गरेमा आयोगले कारबाही गर्ने व्यवस्था गरिएको छ । जस अन्तर्गत कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मक रूपले अपनाउनु पर्ने कार्यविधिको पालना नगरेमा, आफूले गर्नुपर्ने भनी कानुनले तोकेको कुनै काम नगरी अन्य कार्यालय वा अधिकारी समक्ष पठाई उत्तरदायित्व पन्छाएमा पनि अख्तियार आकर्षित हुने व्यवस्था गरिएको छ ।

सार्वजनिक खरिद कार्य प्रारम्भ गर्नुअघि प्रचलित कानुन बमोजिम सम्बन्धित निकायको अनुमति लिने, जग्गा प्राप्त गर्ने, पूर्व तयारीका प्राविधिक परीक्षण गर्ने, वातावरणीय अध्ययन गर्ने, पूर्वाधार स्थानान्तरण गर्ने जस्ता आधारभूत कार्य पुरा नगरी तथा बजेट सुनिश्चितता नभई सार्वजनिक खरिद कार्य सम्बन्धी ठेक्का सम्झौता गरेमा वा गर्न लगाएमा पनि भ्रष्टाचार गरेको ठहरिने व्यवस्था गरिएको छ ।

यस्तो अवस्थामा अख्तियारले कर्मचारीको हकमा विभागीय कारबाही गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउने र कर्मचारी बाहेक सार्वजनिक पद धारण गर्ने अन्य व्यक्तिको हकमा ५० हजार रुपैयाँसम्म जरिबाना गर्न सक्ने व्यवस्था छ ।

कर्मचारीमाथि विभागीय कारबाही गर्दा तीन महिनाभित्र विभागीय कारबाही सम्पन्न गरी सोको जानकारी आयोगलाई दिनु पर्ने व्यवस्था गरिएको छ ।

## वैदेशिक...

स्वीकृति भएको छ । बहराइनका लागि ३ सय ३९ जनाको श्रम स्वीकृति भएको छ ।

युरोपेली मुलुक क्रोएसियाका लागि म्यानपावरमार्फत १ सय ४३ र व्यक्तिगत ७ सय २२ जना, साइप्रसका लागि म्यानपावरमार्फत ४ सय ३ जना, माल्टाका लागि म्यानपावरमार्फत १५ जना गएका छन् । रोमानियाका लागि म्यानपावरमार्फत १ सय ७६ जना, रुसका लागि ६१ जना, ओमानका लागि १ सय ५३ जना, मकाउका लागि १ सय १८ जना, जापानका लागि म्यानपावरमार्फत १ सय १५ र व्यक्तिगत ७ सय २ जनाका लागि श्रम स्वीकृति भएको छ ।

## निल...

एसओस म्यानपावर सर्भिसेज प्रा.लि.- ३७२
साउण्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- ३५२
दि रिभर ओभरसिज प्रा.लि.- ३१२
इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- ३०२
कंगारू ह्युमन रिसोर्स प्रा.लि.- २८६
अञ्जली ओभरसिज सर्भिस प्रा.लि.- २७६
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- २३७
प्याराडाइज इन्टरनेशनल प्रा.लि.- २३१
लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.- २३०
एमबि ह्युमन रिसोर्स प्रा.लि.- २१०
नाइस रिक्रुटमेन्ट एजेन्सी प्रा.लि.- २०९
अलजराफा ह्युमन रिसोर्स कन्सल्ट्यान्ट प्रा.लि.- २०९
स्टारिस एचआर सर्भिस प्रा.लि.- २०३
स्यारोन म्यानपावर सर्भिस प्रा.लि.- १९१
सान नेपाल प्रा.लि.- १८९
सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.- १८८
लक्की एचआर सोलुसन प्रा.लि.- १८७
बेष्ट ह्युमन रिसोर्स प्रा.लि.- १८५
कन्काई रिक्रुटमेन्ट सप्लायर्स प्रा.लि.- १८३
फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि.- १८२
अल कौसर ह्युमन रिसोर्स प्रा.लि.- १७८
ब्रदर्स इन्टरनेशनल प्रा.लि.- १७७
बज्र ह्युमन रिसोर्स प्रा.लि.- १७४
जस्मीन इन्टरनेशनल प्रा.लि.- १७२
मेमोरियल ओभरसिज सर्भिस प्रा.लि.- १६४
ग्रेस ओभरसिज प्रा.लि.- १५६
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.- १५५
डि के रिभर प्रा.लि.- १५४
चन्द्र कामना म्यानपावर प्रा.लि.- १५२
कतार इन्टरनेशनल म्यानपावर प्रा.लि.- १५२

## अविश्राम...

व्यवसायलाई व्यवस्थित बनाउनुपर्ने, गरिखान दिनुपर्ने लगायतका माग राखेका छन् ।

शान्तिपूर्णरुपमा उभिनुअघि महानगरलाई एक अवधारणापत्र बुझाएको थियो । काठमाडौं महानगरपालिकाले २०७९ पुस २६ गते एक सूचना जारी गरेर फुटपाथ लगायतका सार्वजनिक स्थानमा कुनै पनि किसिमका व्यवसाय गर्न प्रतिबन्ध लगाइदियो । ईः त्यसको विरोधमा छन् । अर्थात, काठमाडौं महानगरपालिकाभित्र व्यवस्थित तरिकाले फुटपाथ व्यवसायीलाई पनि राखिनुपर्ने उनको माग छ ।

चुनावअघि 'सजिलै व्यवस्थापन गर्न सकिन्छ' भनिएकै सामान्य कुरा बिर्सिएपछि त्यो बालेनलाई सम्झाउन सभागृह उभिएका हुन । यतिबेला मेयर शाह र नगर प्रहरी काठमाडौं उपत्यकाबाट गरिबी होइन, गरिबलाई विस्थापित गर्न लागि परिरहेका छन् ।

उनै मेयरका नगर प्रहरीले सडक, ठेलागाडा, साइकलमा व्यवसाय गरिरहेका गरीबका सामान खोसिरहेको दृश्य भाइरल बनिरहेकै छ। सहर गरीबका निम्ति होइन, धनाढ्यहरुकै निम्ति हो भन्ने सन्देश दिँदैछन् ।

नेपाली कांग्रेसका महामन्त्री एवम सांसद गगन थापाले सामाजिक अभियन्ता ईः ले गरिरहेको आन्दोलनप्रति ऐक्यबद्धता जनाएका छन् । शान्तिपूर्णरूपमा उठाइएका विषयलाई महानगरले महत्वका साथ सुन्नुपर्ने उनको सुझाव छ ।

उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'लोकतन्त्रमा आन्दोलनरत सबैका आवाज सुन्नुपर्छ, शान्तिपूर्णरूपमा उठाइएका विषयलाई त अझ महत्वका साथ सुन्नुपर्छ । ईः लगायत साथीहरूले उठाएको मूलतः फुटपाथ व्यवसायीको विस्थापन होइन उचित व्यवस्थापन हुनुपर्छ भन्ने माग हो। यस विषयमा सहरको अन्य आवागमनलाई असर नपर्ने गरी व्यवस्थापन गर्न सकिने ठाउँहरू छन् । सँगै बसेर कुरा गरेपछि, एकअर्काको मत-दृष्टिकोण सुनेपछि र बुझेपछि एउटा उपाय निस्कन्छ नै ।'

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०७२/०१/१२ गते गएको भुकम्पमा परि मेरो निम्न विवरण भएको मानविकी संकायको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नं वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनुहुन अनुरोध छ।

**नाम** : कृष्णभक्त ब्रह्मचार्य
**टि.यु. दर्ता नं.** : 18616-87
**ठेगाना** : ललितपुर म.न.पा.-२२
**सम्पर्क नम्बर** : ९८५१०४३००१

**बीमालेख हराएको सूचना**

**यस कम्पनीबाट हेटौडा ४, मकवानपुर निवासी श्री रितु जोशीको नाममा जारी बीमालेख नं. ७५७०००११५३ हराएको भनि निवेदन प्राप्त भएको हुँदा फेलापार्नु हुने महानुभावले यस कम्पनीको नजिकको शाखामा बुझाइदिनुहुन आग्रह गर्दछौं ।**

SuryaJyoti
जीवनको लागि
सूर्यज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
ज्ञानेश्वर, काठमाडौं
सम्पर्क न. ०१-४५४५९४७/४८/४९

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१०/२८ मा दर्ता भएको **प्रा.लि. नं. १८३७४०/०७४/०७५** को **महाबल इन्टरप्राईजेज प्रा.लि.** को मिति २०८०/०६/०७ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

# चीनसँग सम्झौता गर्दा सार्वभौमसत्ता र राष्ट्रिय अखण्डतालाई ध्यान दिन आग्रह

**काठमाडौं/मस-** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' यतिबेला छिमेकी मुलुक चीनको औपचारिक भ्रमणमा छन् । तेस्रो पटक प्रधानमन्त्री बनेपछि प्रचण्ड करिब १० महिनापछि चीन भ्रमणमा गएका हुन् । अन्य मुलुकको भ्रमणभन्दा प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणलाई विशेष चासोका रूपमा लिइएको छ ।

प्रधानमन्त्री प्रचण्डले यसक्रममा विभिन्न सम्झौतासमेत गर्ने आँकलन गरिएको छ । साथै, चीनको पूर्वाधार परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) लाई विशेष महत्व दिइएको छ । पूर्वाधार विकास परियोजना भनेर शुरु भएको विआरआईलाई अहिले सामाजिक, सांस्कृतिक परियोजनाका रुपमा समेत लिन थालिएको छ ।

यसै सन्दर्भमा रिपोर्टर्स क्लब नेपालले प्रधानमन्त्रीको चीन भ्रमण, विआरआई परियोजनाको औचित्य, कार्यान्वयन र नेपाल-चीन सम्बन्ध सुदृढीकरण लगायतका विषयमा विज्ञहरुसँग अन्तरक्रिया गरेको छ । कार्यक्रममा वक्ताहरुले नेपाल-चीन सहयात्रा, सहकार्य, विकास र समृद्धि, विआरआई सम्झौता कार्यान्वयनका चुनौतिलगायतका विषयमा आफ्ना धारणा राखेका थिए ।



अर्थविद डा.चन्द्रमणि अधिकारीले नेपाल-चीनबीचको सांस्कृतिक-आर्थिक सम्बन्ध श्रङ्चङ्गम्पो, भृकुटीदेखि लिएर अहिलेसम्म कायमै रहेको बताए ।

नेपाल र चीनबीचको सम्बन्ध प्राचीन समयदेखिनै महत्वपूर्ण रहेको बताउँदै उनले सन् १९५० पछि नेपाल र चीनबीचमा औपचारिक सम्बन्ध शुरु भएको स्मरण गराए । परिवर्तन र प्रविधिको विकाससँगै राजनीतिक चेतनामा पनि विकास र परिवर्तन आएको भन्दै दुई देशबीच सम्झौता गर्दा र सम्झौता कार्यान्वयनका लागि अगाडि बढाउँदा विशेष ध्यान दिन आवश्यक रहेको बताए । दुई देशबीच कुनैपनि सम्झौता अगाडि बढाउँदा आर्थिक सम्बन्ध, सामाजिक सम्बन्ध,व्यापारिक सम्बन्ध, देशको सार्वभौमसत्ता, स्वाभिमान र राष्ट्रिय अखण्डतालाई विशेष ख्याल गर्नपर्ने बताए । उनले हरेक देशसँग सुरक्षा, विकास, व्यापार रणनीति र मिश्रित रणनीति हुने बताए । नेपालभन्दा साना एक सय ४३ वटा देश रहेको बताउँदै उनले नेपाल भौगोलिक हिसाबमा सानो नभएर केवल आर्थिक र विकासको दृष्टिकोणले केही पछाडि परेको बताए ।

उनले विआरआई, एमसीसीजस्ता सम्झौतमा हस्ताक्षर गर्नुभन्दा अगाडि र त्यसलाई समर्थन गर्नुअगाडि कति विचार पुग्यो भन्ने कुरा विचारणीय पक्ष रहेको बताए । विआरआईलाई नेपालले फाइदा पुग्ने हिसाबले सोच्नुपर्ने बताए । चीनका लागि नेपालका पूर्व राजदूत राजेश्वर आचार्यले हरेक सम्झौताहरु आफ्नो देशको राष्ट्रिय स्वार्थ र हितमा हुनुपर्ने बताए ।

# छपकैया नेपाली समाजले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने

**राहुल गुप्ता/मध्यान्ह**
वीरगन्ज, ७ असोज



वीरगन्ज महानगर पालिका वडा नं.२ स्थित छपकैया नेपाली समाजले रक्तदानका साथै निःशुल्क स्वास्थ्य शिविरको आयोजना गर्ने भएको छ । छपकैया नेपाली समाजको अध्यक्ष धिरज कुमार शर्माको अध्यक्षतामा आइतबार बसेको बैठकले उक्त निर्णय गरेको हो ।

बैठकमा समाजले २०८० सालमा के-के काम गर्ने भन्ने बारे छलफल गरेको थियो ।

छलफलमा हिन्दु धर्मावलम्बीहरुको महान पर्व विजयादशमीको अवसर पारेर यहि असोज १२ गते शुक्रबार बिहान ७ बजेदेखि सन्सारीमाई मन्दिर सरसफाइ गर्ने निर्णय गरेको छ ।

त्यसैगरी रक्तदान कार्यक्रम, निःशुल्क स्वास्थ्य शिविर, निःशुल्क आँखा शिविर, निःशुल्क दन्त शिविर, कपडा वितरण, कम्बल वितरण, ब्यूटिसियन तालिम, सिलाई कटाई तालिम, अचार बनाउने तालिम, बाल शिक्षा, प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गर्ने भएको छ । यस्तै समाजले विभिन्न संघसंस्था र सरोकारवालाहरुसँग समन्वय गरी विकृति विसंगतीविरुद्ध जनचेतनामूलक कार्यक्रम गर्ने समेत निर्णय भएको समाजका अध्यक्ष शर्माले जानकारी दिए ।

सो बैठकमा समाजका सल्लाहकार ध्रुवसिंह ठकुरी, प्रेम कुमारी सिंह, दिपक कुमार शर्मा, उपाध्यक्ष प्रवीण विक्रम शाह, सचिव अजित भुजेल, सदस्य सुनिल सुवेदी, प्रकाश कुमार शाह, कृष्ण बहादुर कार्की, शम्भु बहादुर थापा क्षेत्री लगायतको उपस्थिति रहेको थियो ।

# गाँजासहित एक पक्राउ

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ७ असोज

सर्लाहीको बलरा नगरपालिका-३ लक्ष्मीपुरबाट प्रहरीले तीन किलो गाँजासहित मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएको छ ।

आइतबार बिहान सशस्त्र प्रहरी बल नेपाल बिओपी छतौनाबाट सशस्त्र प्रहरी निरीक्षक लालबहादुर रोक्काको कमाण्डमा खटिएको टोलीले भारतीय नम्बर प्लेट बिआर ३० एच ६७४५ नम्बरको पल्सर मोटरसाइकलमा सिटको कभरभित्र ३ किलो १ सय ८२ ग्राम गाँजा लुकाएर भारततर्फ लागिरहेको अवस्थामा सर्लाहीको गोडैता नगरपालिका-११ सिसौटिया निवासी १७ वर्षीय राजेश कुमार पटेललाई नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएको गाँजा, मोटरसाइकल र चालक पटेललाई जिल्लाको सदरमुकाम मलंगवामा कर्फ्यू जारी रहेकोले इलाका प्रहरी कार्यालय गडहीयालाई जिम्मा लगाइएको सशस्त्र प्रहरी निरीक्षक रोक्काले जानकारी दिए ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०६/०८**

**नेपाल बुद्ध कल्चर डेभ्लप्मेन्ट एण्ड रिसर्च एशोसिएसन प्रा.लि.** को मिति २०८०/०४/३१ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **समता एड एण्ड नेपाल बुद्ध कल्चर रिसर्च एण्ड डेभलप्मेन्ट एशोसिएसन प्रा.लि. (प्रा.लि. नं.: ३१६५१५)** कायम गर्ने गरी मिति २०८०/०६/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

## दावी विरोध सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **श्री RADIANT OVERSEAS PVT. LTD. (ई.प.नं. १०१६/०६८/६९)** को साविक ठेगाना **काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ३२** लाई परिवर्तन गरी **काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ०९** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## Vacancy Announcement

**One of the reputed recruitment agency is seeking for following applicants.**

SALARY Negotiable

- POST : MANAGER - 1 (Male)
  Qualification: Bachelor Pass
  Experience: 3 years in related field.
- Post: PRO (Publlic relation officer) - 2 (Female) 1 (Male)
  Qualification: +2 pass
  Experience: 3 years in related field
- Post : Documentation - 2 (Female)
  Qualification: +2 pass
  Experience: 3 years in related field
  (Must have computer skill)

Candidate must have good communication skills in english.

**Interview Date 12 Ashoj 2080 (29 September 2023).**

SEND YOUR CV:
mettaint5@gmail.com
Contact Number: 9848697395

## साउदीमा रोजगार | कम्पनी : AL-NASIH CONTRACTING CORPORATION, OWNED BY FAHAD ISMAIL AL-GABGAB शहरः Al khobar

पूर्व स्वीकृत मितिः २०८०/०६/०७ चलानी नं.: ६०२०८१०१ LT. No.: 292935

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज १५ गते (2 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**श्रृष्टि ओभरसिज इम्प्लोईमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ३५८/०५९/०६०
नयाँ बानेश्वर, काठमाडौं, नेपाल फोनः ०१-४७८३३४७, फ्याक्सः ०१-४७८३३४८

## Oman मा रोजगार Al-Ammari Galvanizing Factory for Metals LLC

पूर्व स्वीकृती मितिः २०८०/०६/०७ चलानी नं. ६०२०८०९४ LT.No. 292946

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner Public Building | 01 | काममा दक्ष तथा अनुभवी | 100 | ३४,५२२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Blast Furnace Assistatnt Operator | 01 | | 120 | ४१,४२६।- | | | | | | | |
| ३. | Moulding Maker | 06 | | 120 | ४१,४२६।- | | | | | | | |
| ४. | Smelting Furnace Operator | 03 | | 190 | ६५,५९२।- | | | | | | | |
| ५. | Metal Painter | 05 | | 120 | ४१,४२६।- | | | | | | | |
| ६. | Metal Structure Installation Worker | 04 | | 130 | ४४,८७८।- | | | | | | | |
| ७. | Electric Equipment Electrician | 04 | | 130 | ४४,८७८।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निशुल्क |

**अन्तरवार्ता २०८० असोज १५ गते (2 Oct., 2023) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुढानगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Berjaya Resources PVT. LTD.**
Gov. Lic. No. 1356/074/075
Kathmandu, Nepal Tel.: 01-4116649
Email : infoberjaya1356@gmail.com | Web : Berjayaresources.com

## साउदीमा रोजगार | १. कम्पनी : A LIVE BEVERAGE STORE शहरः HAIL

पूर्व स्वीकृत मितिः २०८०/०६/०७ चलानी नं.: ६०२०८०६५ LT. No.: 292928

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | स. काममा दक्ष | 1500 | ५२,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज १५ गते (2 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**नूर अपरच्युनिटिज ओभरसिज प्रा.लि.**
श्रम इजाजत नं.: १२५/०५५/०५६
Certificate No. 15956
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np

## यूएईमा रोजगार | कम्पनी : EN VOGUE LADIES BEAUTY CENTER शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/११/१७ चलानी नं.: ६०१९७३५७ LT. No.: 281886 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female manicurist | 0 | 26 | स. काममा दक्ष | 1200 | ४३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १५ गते (2 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्दा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**मित्र ओभरसिज सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. २९७/०५८/०५९
सिनामंगल-९, काठमाडौं, फोनः ०१-४११०६८८
Email: mitraoverseas@yahoo.com

## धितो बन्धक सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः २०८०/०६/०८**

यस संघबाट तपशिलको संस्थाले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिएकोमा उक्त ऋणको नियमित रुपमा संघलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज एवं अन्य दै-दस्तुर समय भित्र नतिरी, नबुझाई यस संघसँग गर्नु भएको शर्त सम्झौता उल्लंघन गरी बसेकोमा संघले पटक-पटक मौखिक तथा लिखित जानकारी गराई मिति २०८० श्रावण ३१ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशन गरि ऋण चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मिति सम्म उक्त ऋण चुक्ता नगरेकाले ऋणी संस्थाका संचालक समिति एवं जमानीकर्ता र सम्बन्धित धितोवालाले ऋण लिदाँ गरेको सम्झौता बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र साँवा, ब्याज, हर्जना र अन्य दै-दस्तुर रकमहरु संघमा दाखिला गर्नु होला अन्यथा सूचना प्रकाशित भएको मितिले ३६ औं दिन धितो जे, जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम बिक्री गरिने हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभावहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । ऋणी संस्थाका संचालक समिति एवं जमानीकर्ता र धितो जमानतवाला समेतलाई सुरक्षणमा रहेको धितो लिलाम विक्री गरिने जानकारी गर्दै धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्रि गर्दा यस संघबाट गरिएको मुल्यांकन रकम भन्दा कम मुल्यमा लिलाम बिक्रि भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई संघले कम मुल्यमा लिलाम बिक्रि गऱ्यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्दा पनि संघको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संघको विनियम र अन्तरलगानी नीति तथा प्रचलित कानुन बमोजिम संस्थाका संचालक समितिहरुको चल अचल सम्पत्तिहरुबाट धितोले नखामेको वक्यौता ऋण रकम असुल उपर गरिने छ ।

**ऋणी संस्थाको नाम : यु एम बचत तथा ऋण सहकारी संस्था लि.**
**संस्थाको ठेगाना : बनेपा-१०, काभ्रेपलाञ्चोक**
**संस्थाको दर्ता नं. २४२१/०७३/०७४**

**संचालक तथा जमानीकर्ताको विवरण**

१) नाम : श्री रामशरण श्रेष्ठ
पद : अध्यक्ष
बाबु : श्री हरि गोपाल श्रेष्ठ
बाजे : श्री सानुसेतु बहादुर श्रेष्ठ
ना.प्र.नं.:३०-०१-०६७-१३१२२/३२३५
ठेगाना : बनेपा-१, काभ्रे

२) नाम : श्री मन्जेश तौजले
पद : उपाध्यक्ष
बाबु : श्री मोहन काजी तौजले
बाजे : श्री श्याम तौजले
ना.प्र.नं. : ३०१०५१/१८११०७
ठेगाना : बनेपा-१०, काभ्रे

३) नाम : श्री रुशन श्रेष्ठ
पद : सचिब(प्रबन्ध संचालक)
बाबु : श्री रामशरण श्रेष्ठ
बाजे : श्री हरि गोपाल श्रेष्ठ
ना.प्र.नं. : ३०-०१-०६७-८२०३
ठेगाना : बनेपा-१, काभ्रे

४) नाम : श्री राजाराम तौजले
पद : कोषाध्यक्ष
बाबु : श्री बलराम तौजले
बाजे : श्री रत्नलाल तौजले
ना.प्र.नं. : १३१६७४
ठेगाना : बनेपा -९, काभ्रे

५) नाम : श्री विक्रम मानन्धर
पद : संचालक सदस्य
बाबु : श्री छत्रकृष्ण मानन्धर
बाजे : श्री चित्त लाल मानन्धर
ना.प्र.नं. : ४८११४/११५०
ठेगाना : बनेपा-७, काभ्रे

६) नाम : श्री सन्जेस तौजले
पद : संचालक सदस्य
बाबु : श्री मोहन काजी तौजले
बाजे : श्री श्याम तौजले
ना.प्र.नं. : ३०-०१-७०-०९८६४
ठेगाना : बनेपा-१०, काभ्रे

७) नाम : श्री समिर श्रेष्ठ
पद : संचालक सदस्य
बाबु : श्री हर्ष बहादुर श्रेष्ठ
बाजे : श्री दिल बहादुर श्रेष्ठ
ना.प्र.नं. : ३००१-०६७-४६६५
ठेगाना : बनेपा-१, काभ्रे

**धितो सुरक्षण राखिएको सम्पत्ती र सुरक्षणधनीको विवरण :**

१) श्री सानुसेतु बहादुरको नाति श्री हरिगोपाल श्रेष्ठको छोरा काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा वार्ड नं. १० बस्ने श्री रामशरण श्रेष्ठको नाममा मालपोत कार्यालय धुलिखेलमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला टुकुचा नाला गा.वि.स वार्ड नं. २(साविक) को कित्ता नं. २९२ को क्षेत्रफल २-०-२-१ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२) यु एम बचत तथा ऋण सहकारी संस्था लि. को नाममा मालपोत कार्यालय धुलिखेलमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा वार्ड नं. ५(साविक) को कित्ता नं. २०७२ को क्षेत्रफल ०-३-२-० जग्गामा बनेको ३ तल्ले भवन सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३) श्री सानुसेतु बहादुरको नाति श्री हरिगोपाल श्रेष्ठको छोरा काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा वार्ड नं. १० (साविक) बस्ने श्री रामशरण श्रेष्ठको चितवन जिल्ला भरतपुरमा दर्ता श्रेष्ता कायम रहेको देवौली गा.वि.स वार्ड नं. १ को कित्ता नं. ९७२ को क्षेत्रफल ०-०-१६१/४ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
४) श्री सानुसेतु बहादुरको नाति श्री हरिगोपाल श्रेष्ठको छोरा काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा वार्ड नं. १० बस्ने श्री रामशरण श्रेष्ठको चितवन जिल्ला भरतपुरमा दर्ता श्रेष्ता कायम रहेको बछयौली गा.वि.स वार्ड नं. ६ (साविक) को कित्ता नं. ६७९ को क्षेत्रफल ०-११-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**लिलाम बिक्रि तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) लिलाममा अन्तिम पटक सबै भन्दा बढी रकम कवोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोहि दिन संघको कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संघमा बुझाउनुपर्ने छ ।
२) लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मुल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलिपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढी रकम बोल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ ।
३) लिलाम सकार गर्ने व्यक्तिले संघबाट लिलाम सम्पन्न भएको ३५ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्तिको स्वामित्व नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वः जफत भई संघको आम्दानी हिसाबमा बाधिनेछ ।
४) तोकिएको दिन विदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ ।
५) लिलाम बढाबढ गर्ने सबै भन्दा बढी अंक वा डाँक बोल्नेको नाममा लिलाम सदर गरिनेछ ।
६) सूचना प्रकाशित भएको ३६ औं दिन संघको कार्यालयमा दिनको ठिक ११:०० बजे लिलाम बढाबढ हुनेछ ।
७) दाखिला खारेज तथा धितो नामसारी गर्दा लाग्ने सम्पूर्ण खर्चहरु सकार गर्ने व्यक्तिले ब्यहोर्नु पर्नेछ ।
८) लिलाम बिक्रि गर्दा कसैले नसकारेमा यस संघले उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन सक्नेछ ।
९) संघमा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पुर्ण ऋण असूल उपर नभएमा ऋणी संस्थाका संचालक समितिका पदाधिकारी नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने छ ।
१०) लिलाम बिक्रि हुने सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संघको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
११) अन्य शर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य विषयहरुमा सहकारी ऐन, नियमावली र संघको विनियमको अधिनमा रही संचालक समितिले निर्णय अनुसार हुनेछ ।

**काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**
बनेपा-०७, काभ्रेपलाञ्चोक
सम्पर्क नं.: ०११-६६५६६२, ६६०६६२



मध्यान्ह
www.madhyanhadaily.com
८ असोज २०८०, सोमबार
25 September 2023, Monday

## सम्पादकीय

### नसुनिएका र नदेखिएका ईः

काठमाडौं महानगरका केही निर्णयप्रति असन्तुष्टि जनाउँदै सामाजिक अभियान्ता ईः गएको मंगलबारदेखि राष्ट्रिय सभागृह अगाडि अविश्राम उभिइरहेका छन् । ईः नामले चिनिने इशान शर्माले महानगरका मेयर बालेन्द्र शाह र उपमेयर सुनिता डंगोलले चुनावी बाचा बिर्सिएको भन्दै अविश्राम उभिइरहेका छन् । उनलाई साथ दिनेहरू फेरिरहेका छन् । ईःको समर्थनमा उभिने अनि आफ्नो काममा फर्कने गरिरहेका छन् । तर ईः माग पुरा नभएसम्म विश्राम नलिने अठोटमा अडिग छन् । लगातार उभिदा उनका खुट्टा सुन्निसकेको छ । समर्थनमा आउने र अभियानबारे सोध्नेहरूलाई आफ्नो जवाफ दिइरहेका छन् । तर मेयर बालेन र उपमेयर डंगोलले अविश्राम उभिरहेका ईः लाई आवश्यक सम्बोधन गरेका छैनन् ।

गरिखाने वर्गको चिन्तालाई ईःले आफ्नो अडान बनाएका छन् । काठमाडौं महानगरले ठेलागाडामा श्रम गरिखाने वर्गप्रति निर्मम कदम चाल्न छोड्नुपर्ने उनको माग छ । चुनाव अगाडि गरिखाने मानिसको शहर काठमाडौं बनाउने भनेर प्रतिबद्धता जनाएका मेयर बालेन र उपमेयर सुनिताले अहिले उनीहरूप्रति निर्मम रूप देखाएको ईःको निष्कर्ष छ । उनको सुझाव छ, काठमाडौं सबै वर्ग समुदायका मानिसले बाँच्न पाउने शहर बन्नुपर्छ, हो । मेयर र उपमेयरले ठेलागाडा ब्यापारीलाई महानगरले प्रहरी मार्फत् बल प्रयोग गरेर हटाउनुको साटो व्यवस्थित गर्नुपर्ने ईःले विकल्प दिएका छन् । तर आफ्नो माग सुनुवाइ नभएकोमा ईः आक्रोशित बन्दै गएका छन् । भनिरहेका छन्, गरिखाने वर्गप्रति महानगरले अपनाएको निर्मम कदमका अगाडि मेरो खुट्टा सुन्निनु ठूलो कुरा होइन ।

